

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २४ गते सोमबार ❑ 8 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## बाढी पहिराका कारण हालसम्म ४८ को मृत्यु, ५४ घाइते

**रासस**
काठमाडौं, २३ असार



अविरल वर्षाका कारण आएको बाढी पहिरा लगायतका विपद्मा परी हालसम्म ४८ जनाले ज्यान गुमाएका छन् ।

गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी र पहिरामा परी आइतबार दिउँसोसम्म ४८ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

बाढी, पहिरामा परी काठमाडौँ एक जना, कोशी प्रदेशमा ११ जना, मधेस प्रदेशमा दुई जना, बागमती प्रदेशमा दुई जना, गण्डकी प्रदेशमा १९ जना, लुम्बिनी प्रदेशमा १० जना, कर्णाली प्रदेशमा दुई जना तथा सुदूरपश्चिम प्रदेशमा एक जनाको मृत्यु भएको छ ।

यसैगरी बाढी पहिरा तथा विपद्का कारण काठमाडौँ तीन जना, कोशी प्रदेशमा ११ जना, मधेस प्रदेशमा चार जना, बागमती प्रदेशमा चार जना, गण्डकी प्रदेशमा १८ जना, लुम्बिनी प्रदेशमा दुई जना, कर्णाली प्रदेशमा ११ जना तथा सुदूरपशचिम प्रदेशमा एक जना गरी जम्मा ५४ जना घाइते भएका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी जम्मा ५३ जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो ।

उहाँका अनुसार बाढी पहिरोमा परी कोशी प्रदेशमा तीन जना, बागमती प्रदेशमा दुई जना, गण्डकी प्रदेशमा एक जना तथा कर्णाली प्रदेशमा एक जना गरी सात जना वेपत्ता भएका छन् ।

यसैगरी बाढीको कारण एक सय २१ घर डुबानमा परेका छन् । जसअन्तर्गत ८२ वटा घर, ४६ वटा गोठ, ४१ वटा पुल, एक विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ प्रहरीले जनाएको छ । बाढी परिहामै परी एक सय ८८ वटा पशु चौपायको मृत्यु भएको छ ।

उक्त अवधिमा विपद्का घटनाबाट एक हजार ५८ घर परिवार विस्थापित भएका छन् । भारी वर्षाका कारण आइतबार पनि देशभरकै जनजीवन प्रभावित भएको तथा कोशी नारायणीलगायतका ठूला नदीमा जलसतह उच्च भएको प्रहरीले जनाएको छ ।

देशैभरी तीनवटै सुरक्षा निकाय हाईअलर्टका साथ प्रभावित क्षेत्रमा परिचालन भई खोज तथा उद्धार जारी राखेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा छानविन गर्न गठित एक टोली पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

देशका ठुला र राष्ट्रि गौरवका योजनालाई कसरी गुणस्तरिय र त्यसलाई भरपर्दा र दिगो बनाउनु भन्दा पनि त्यससँग जोडिएका विभिन्न निकायहरु नै चर्को रकम अशुल्ने गरी भ्रष्टचार गरेका घटनाहरु सार्वजनिक भएको सन्दर्भमा पोखरामा पनि एउटा गौरवको योजना सम्पन्न भएको डेढ बर्ष पछि अनियमितता भएको आरोपमा छानविन गर्न लागिएको छ ।

गण्डकी प्रदेशको विकासको इन्जिनको रुपमा रहेको तथा राष्ट्रिय गौरवको योजनाको रुपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागत सहित निर्माणको गुणस्तर लगायतका बिषयमा प्रश्न उठन थाले पछि हाल आर्थिक अनियमितताको बिषयमा सोध पुछ र अध्ययन अनुसन्धान गर्न काठमाडौंबाटै एक टोली पोखरा आएको छ । उक्त विमानस्थल निर्माण सम्पन्न भई हाल संचालनमा आएको डेढ बर्ष पछि आर्थिक अनियमितताको छानबिन गर्न प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले गठन गरेको उपसमितिले हाल चासो देखाउदै अध्ययन गर्न पोखरा आएको हो । असार १३ गते राजेन्द्र लिङ्देनको संयोजकत्वमा १२ सदस्यीय उपसमिति गठन गरेको थियो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबारे महालेखापरीक्षकको कार्यालयले पनि कैफियत देखाएको छ भने अख्तियारले समेत यस अघि छापा मारी अध्ययन गर्दै गरेको अबस्था रहेको छ । महालेखाले आफ्नो ६१ औं प्रतिवेदनमा विमानस्थलमा रहेको समस्या हटाएर अन्तर्राष्ट्रिय उडान गर्न सुझाव दिएको छ ।

उक्त विमानस्थलको बारेमा सम्बन्धित निकायसंग सोमबार जानकारी लिने र फिल्ड भिजिट समेत गर्ने गरी आफुहरुको एक टोली आइतबार पोखरा आएको संयोजक लिङ्देनले बताउनु भयो । आफुहरुले लागत, पहिले देखि हालको अबस्था, यसको उद्धेश्य र आवश्यकताको बारेमा समेत सोधपुछ गर्ने भएको श्रोतले जनाएको छ । करिब २२ अर्बमा उक्त विमानस्थल निर्माण भएको हो । पोखरा विमानस्थल निर्माणसम्बन्धी लिङदेनको संयोजकत्वमा गठित उपसमितिमा अर्जुननरसिंह केसी, गोकुलप्रसाद बाँस्कोटा, जनार्दन शर्मा, तारा लामा तामाङ, तेजुलाल चौधरी, दिपक गिरी, देवप्रसाद तिमल्सिना, प्रेमबहादुर आले, रामकृष्ण यादव, रुक्मणी राना बराइली र लेखनाथ दाहाल सदस्य रहनु भएको छ । पोखरामा चाटर्ड बाहेक नियमति हवाई अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन ।

## विपद् जोखिम बढ्यो, एक महिनामा ६२ को मृत्यु

**रासस**
काठमाडौं, २३ असार

मनसुन सुरु भएयता बाढी, पहिरो, चट्याङजस्ता मनसुनजन्य विपद्का कारण ६२ जनाको मृत्यु, चार जना बेपत्ता र ९० जना घाइते भएका छन् ।

गृहमन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले उक्त तथ्याङ्कबारे जानकारी गराएको हो । केन्द्रका अनुसार यस अवधिमा बाढीका कारण मोरङमा एक, दाङमा तीन, कैलालीमा एक, काभ्रेपलाञ्चोकमा दुई, उदयपुरमा एक, पाल्पामा एकगरी नौ जनाको मृत्यु भएको छ । बाढीकै कारण दुई जना बेपत्ता छन् । पाँच घरमा पूर्ण रुपमा क्षति पुगेको छ । ११ घरमा आंशिक क्षति भएको छ ।

पहिराका कारण ३४ जनाले ज्यान गुमाएका छन् । पहिराले दुई जना बेपत्ता र ३८ जना घाइते भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । पहिराले ४३ घर पूर्ण रुपमा क्षति भएको छ । २४ घरमा आंशिक क्षति पुगेको छ । १९ वटा गोठमा क्षति भएको छ भने १२ जना घाइते भएका छन् । ११ घर पूर्ण रुपमा र छ घर आंशिक रुपमा क्षतिग्रस्त छन् ।

बाढी र पहिराले हालसम्म आठ करोड छ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ । चट्याङ्बाट १९ जनाको मृत्यु र ३५ जना घाइते भएका छन् । "बाढी, पहिरो, डुबान, चट्याङजस्ता मनसुनजन्य घटना अझै बढ्दो क्रममा छ, क्षति न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेका छौँ", प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले भन्नुभयो, "यस वर्ष सरदरभन्दा बढी पानी पर्ने र १८ लाख मानिस प्रभावित हुने आँकलन गरिएको छ, तसर्थ सतर्कता अपनाउन जरुरी छ ।" उहाँका अनुसार यस वर्षको मनसुन अवधिमा चार लाख १२ हजार घरधुरी मनसुनजन्य विपद्मा पर्ने आँकलन गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका प्रवक्ता सुनील पोखरेलले सोमबारदेखि मुलुकभर बाढीको जोखिम कम हुने जानकारी दिनुभयो । "आज दिउँसो २ बजेसम्मको तथ्याङ्कअनुसार कुनै पनि नदी बाढीको खतरा तहमा पुगेको छैन, मुलुकको विभिन्न नौ वटा नदीहरु सतर्कता तहमा छ", उहाँले भन्नुभयो, "क्रमिक रुपमा नदीमा पानीको प्रवाह घटिरहेको छ, भोलिदेखि बाढीको खतरा तत्कालका लागि टर्नेछ ।"

गृह मन्त्रालयको नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टलअनुसार एक सातामा मुलुकको एक सय १० स्थानमा पहिरो गएको छ । बाढी जस्तै पहिराको पूर्वसुचनालाई प्रभावकारी बनाउन आवश्यक रहेको भू-गर्भविद् डा सुवोध ढकालले बताउनुभयो ।

"राजमार्गमा पहिराको सम्भावना बढी हुने भएकाले यात्रा गर्दा विशेष ध्यान दिऊ । जमिन चिरा देखिएमा तत्काल खाँदेर पुर्ने र पानी तर्काउने काम गरौँ, नसकेमा सुरक्षित स्थानमा बस्ने, जथाभावी भल बग्ने गरेको छ भने सामान्य कुलो बनाई पानीलाई एकीकृत गरी तर्काउनुपर्छ", उहाँले भन्नुभयो, "तपाईं बस्ने स्थानमा पहिले पहिरो गएको छ भने निरन्तर निगरानी गर्ने, सुरक्षित स्थानमा बस्ने, जमिन अथवा पहरोमा अनौठो किसिमको कटकट आवाज सुनियो भने पहिरोको संकेत हुनसक्ने भएकाले सतर्क रही सूचना दिनुपर्छ ।"

उहाँका अनुसार सुकिसकेका कुवा धारामा एक्कासी पानी आउन थाल्यो वा पानी आउने धारा कुवामा पानी सुक्न थाल्यो भने जमिन हलचलको सङ्केत हुनसक्छ ।

## पहिरोले पुरिएका तीनै जनाको शव भेटियो

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

तनहुँको शुक्लागण्डकी नगरपालिका-७ काउरेमा शनिबार पहिरोले घर पुरिएर बेपत्ता भएका तीन जनाकै शव फेला परेको छ ।

पहिरोले घर पुरिँदा बेपत्ता भएकामध्ये एक जनाको शनिबार राति र दुई जनाको आइतबार बिहान शव फेला परेको हो । जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपक रायका अनुसार पहिरोले पुरिएर बेपत्ता भएका ४० वर्षीया हिरा नेपाली, ६५ वर्षीय श्याम भण्डारी र ३७ वर्षीया अनिषा बास्तोलाको शव फेला परेको हो । शव परीक्षणका लागि अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक रायले जानकारी दिनुभयो ।

हिरा नेपाली र सुनमाया कुमालको घरमाथिबाट पहिरो खस्दै गर्दा घरभित्रका सामान स्थानीयले निकाल्ने क्रममा पुरिएर तीन जना बेपत्ता भएका थिए । पहिरोमा ४० वर्षीय विष्णुबहादुर नेपाली, २६ वर्षीय विशाल तिमिल्सिना, ३५ वर्षीय रवि घिमिरे, १८ वर्षीय रुपकुमारी नेपाली र १५ वर्षीय विमल नेपाली घाइते भएका छन् ।

घाइतेहरुको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा उपचार भइरहेको छ ।

### बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- ◆ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- ◆ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- ◆ आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- ◆ बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गण्डकी प्रदेशका पाँच कृषक पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

गण्डकी प्रदेश सरकारले सर्वोत्कृष्ट र उत्कृष्ट कृषक गरी पाँच जनालाई पुरस्कृत गरेको छ ।

प्रदेश सरकार मातहतको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत आइतबार कृषकलाई नगदसहित सम्मान गरेको हो । प्रदेश सर्वोत्कृष्ट कृषक पुरस्कारबाट तनहुँको शुक्लागण्डकी नगरपालिका-१० मा सञ्चालित युनिक मल्टी एग्रो प्रालिका सञ्चालक हरिबहादुर खड्का नगद रु ३० हजारसहित पुरस्कृत हुनुभयो । यसैगरी प्रदेश उत्कृष्ट पुरस्कारबाट माछापुच्छे गाउँपालिका-९ कास्कीस्थित आरोस अर्गानिक कृषि फार्मका सञ्चालक पदमबहादुर तामाङ, कावासोती नगरपालिका-१५ नवलपुरस्थित पाण्डे मत्स्य फार्मका सञ्चालक निराजन पाण्डे, थासाङ

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दशौं राष्ट्रिय खेलकुदको छनौंटका लागि गण्डकीबाट पुरुष र महिलातर्फ ८/८ खेलाडी छनौंट

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार



नेपालका शीर्ष वरियता प्राप्त प्रदीप खड्का र नेहाल जङ्गबहादुर थापा पोखरामा सम्पन्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत गण्डकी प्रदेश स्तरीय प्रारम्भिक चरणको टेनिस छनोट प्रतियोगितामा उपविजेता हुँदै छनौंट चरणका लागि छानिएका छन् ।

खराब मौसमका कारण फाइनल खेल सम्भव नभएपछि आइटीएफ नियम अनुसार दुवैलाई विजेता घोषणा गरिएको हो । उनीहरुलाई नगद २२ हजार ५ सय सहित मेडलले पुरस्कृत गरियो । तेश्रो स्थान हाँसिल गरेका शास्वत बज्रचार्य र अनिल साइले जनही नगद रु ३ हजार ७ सय ५० का साथमा मेडल र प्रमाणपत्र प्राप्त गरे ।

सेमिफाइनल खेलमा नेहालले अनिल शाहीलाई ६-३,६-१ ले पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन् । यसअघि प्रदिपले शाश्वत बज्राचार्यलाई ६-१, ६-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएका थिए ।

यता महिला सिंगल्सतर्फ प्रिती बराल पहिलो भइन् । उनले नगद रु १५ हजार प्राप्त गरिन् । त्यस्तै आरुषी शेरचन दोस्रो भई नगद ७ हजार ५ सय तथा आहना शेरचन र ग्रिष्मा गुरुङ तेस्रो स्थान प्राप्त गर्दै जनही नगद रु ३ हजार ७ सय ५० का साथमा मेडल तथा प्रमाणपत्र हात पारेका छन् ।

यता पुरुष डबल्सतर्फ प्रदिप खडका र अनिल साईको जोडी पहिलो भएको छ । उनीहरुले निहाल जङ्ग बहादुर थापा र दर्शिल श्रेष्ठको जोडीलाई पराजित गरेका थिए ।


प्रदिपले र अनिलको जोडीले नगद रु २० हजार तथा उपविजेता बनेको निहाल र दर्शिलले नगद रु १० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गरे ।

प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना, गण्डकी प्रदेश टेनिस संघको व्यवस्थापन तथा कास्की जिल्ला टेनिस संघको प्राविधिक सहयोगमा भएको प्रतियोगिताबाट पुरुषतर्फ प्रदिप, नेहाल, अनिल, शाश्वत, दर्शिल, विवेक गर्बुजा, निर्मल मगर र श्रृजन भट्टराई दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको छनौट खेल्न गण्डकीबाट छानिएका छन् । महिलातर्फ प्रिति बराल, आरुषी तुलाचन, गृष्मा गुरुङ, आहना शेरचन, सरिसा शेरचन, जोया गुरुङ, एन्जिला गुरुङ, सुप्रिया गुरुङ उक्त प्रतियोगिताका लागि छनौंट भए ।

बिजेता खेलाडीहरुलाई प्रदेश खेलकुदका सदस्य केशव पाठक, गण्डकी प्रदेश टेनिस संघका उपाध्यक्ष द्रव लोक बहादुर गुरुङ र विष्णु बहादुर थापा, महासचिव नविन चालिसे, कास्की टेनिसका सचिव एवं टुर्नामेन्ट डाइरेक्टर नविन श्रेष्ठलगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रम गण्डकी टेनिसका अध्यक्ष बिनोद कायस्थको अध्यक्षतामा भएको थियो । प्रतियोगितामा महिलातर्फ ८ र पुरुषतर्फ १६ गरी २४ खेलाडीहरुको सहभागिता रहेको थियो ।

# प्रदेशस्तरीय शारीरिक सुगठनमा कास्कीका सुजन थापा मिस्टर गण्डकी घोषित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार




गण्डकी प्रदेशस्तरीय शारीरिक सुगठन प्रतियोगिता २०८१ मा कास्कीका सुजन थापा 'मिस्टर गण्डकी' घोषित हुनु भएको छ । पोखरामा शनिबार सम्पन्न भएको प्रतियोगितामा कास्कीका थापाले ओभरअल च्याम्पियन हुँदै मिस्टर गण्डकी घोषित हुनु भएको हो ।

उहाँले उपाधि सहित नगद रु २५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नु भएको हो । प्रदेश खेलकुद परिषद गण्डकीले आयोजना गरेको प्रतियोगितामा सुजन थापाले ६० केजी तौल समुहको प्रतिष्पर्धामा प्रथम स्थान हासिल गर्न सफल हुनु भएको हो । पोखरा रत्न श्री जिमका खेलाडी थापाले १५ हजार नगद सहित पुरस्कार प्राप्त गर्नु भयो । उक्त विधाको प्रतियोगितामा कृष्ण गुरुङ दोश्रो र पुजन पुन तेस्रो हुनु भयो । उहाँहरु मध्य दोश्रोले १० हजार र तेश्रो हुनेले ७ हजार प्राप्त गर्नु भयो । प्रतियोगितामा ५५ केजी तौल समुहमा प्रज्वलराज जिसी पहिलो भए भने मौलादिन मियाँ दोश्रो र रोहित श्रेष्ठ तेस्रो हुनु भयो । त्यसै गरी पुरुष ६५ केजी तौलतर्फ कुशल गुरुङ, बिक्की गुरुङ र रिक्की गुरुङ क्रमश पहिलो, दोस्रो र तेस्रो हुँदा ७० केजी तौलमा कृष्ण भण्डारी, मित्र बहादुर गुरुङ र सक्सेस गुरुङ क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका हुनु भयो । ७० केजी तौल भन्दा माथी शंकर सुवेदी प्रथम, सुनिल कुशवार दोश्रो र अशोक शेरचन तेस्रो हुनु भयो । त्यस्तै मेन्स फिजिकतर्फ रोशन उपरकोटी, सिजन गुरुङ र अनिल गुरुङ क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्दा उमेन्स वेलनेसतर्फ विपना कुमाल, अनिता मगर र उमा पुन क्रमशः पहिलो, दोस्रो र तेस्रो भएको टेक्निकल टिमका सदस्य लक्ष्मण (ल्याक्स) गुरुङले जानकारी दिनुभयो । बिजेता मेन्स फिजिक र उमेन्स वेलनेसतर्फका बिजेताहरुले जनही नगद रु १५ हजार, १० हजार ७ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नु भयो । यस अघि प्रतियोगिताको उद्घाटन प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङले गर्नु भएको थियो । बिजेता खेलाडीहरुलाई प्रदेश खेलकुद परिषदका सल्लाहकार सुनिल गुरुङ, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुनबहादुर लामा लगायतले ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गर्नु भयो । प्रतियोगितामा विभिन्न जिल्लाका ४० जना खेलाडीहरुले प्रतियोगितामा सहभागिता जनाउनु भएको थियो ।

# चपस कास्कीको स्थापना दिवसमा खोलियो रिभ्यू बक्स

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार



चलचित्र पत्रकार संघ नेपाल कास्कीको २१ औं स्थापना दिवसका अवसरमा रिभ्यू बक्स खोलिएको छ ।

संघले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा पोखराका दुई सिनेमा हल क्युएफएक्स र मिडटाउनमा राखिएको रिभ्यू बक्स खोलिएको हो । दुवै सिनेमा हलमा आएका दर्शक प्रतिक्रियालाई हेरेर लक्की ड्र मार्फत ८ जना विजेताको घोषणा गरिएको छ । विजेतालाई सिनेमा हलको तर्फबाट टिकट र पपकन, दमदार बिरायनी, क्लाउड नाइन रेष्टुरेण्टबाट खाजा र बन्जी नेपालको तर्फबाट बन्जीको व्यवस्था मिलाइएको छ । सो अवसरमा कास्कीको चलचित्र पत्रकारिताको अवस्था र आगामी स्वरुपका विषयमा चर्चा गरिएको छ ।

संघका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले चलचित्र पत्रकार संघ नेपाल कास्कीको क्रियाशिलता प्रशंसनिय रहेको उल्लेख गरे । २०६० साल असार २२ गते आफ्नो नेतृत्वमा संघको स्थापना गर्दा चलचित्र पत्रकारिता पोखरामा नगन्य भएको र हाल आएर यसले विस्तार रुप लिँदै आएको बताए । पोखराबाट प्रकाशित हुने पत्रिकामा मनोरञ्जन बीटलाई स्थान नदिनु दुखद भएको भनाई उनको छ ।

निवर्तमान अध्यक्ष अरुण गिरीले अन्य बीटमा लेख्ने पत्रकारले चलचित्रमा पनि कलम चलाउनुपर्ने आवश्यकतालाई औंल्याएका छन् । सिनेमा मार्फत विभिन्न मुद्धाहरुको उठान हुने भएकाले विषयगत रिर्पोटिङ सिनेमा मार्फत पनि गर्न सकिने भनाई उनको छ । संघका सल्लाहकार सुरेश रानाभाटले चलचित्र पत्रकार संघ नेपाल कास्कीले आफ्नो आयतन बढाउँदै लैजानुपर्ने बताए । संघले अहिलेसम्म गरेका कामहरु उदाहरणीय रहेको र अब दस्तावेजलाई पनि ख्याल गर्नुपर्ने अवस्था आएको उनले उल्लेख गरे । पोखराको प्राकृतिक सौन्दर्यता र पर्यटनलाई जोडेर सिनेमा माध्यम प्रचारप्रसार गर्न सकिने भनाई उनको छ । संघका अध्यक्ष प्रभु अधिकारीले कास्कीको चलचित्र पत्रकारितालाई बढ्वा दिँदै जाने उल्लेख गरे । सबैका सुझावलाई आत्मसात गर्दै संघको आगामी कार्यक्रम तय हुने भनाई उनको छ । चलचित्र पत्रकारलाई हेर्ने दृष्टिकोणमा फरकपन आएको बताउँदै समयसापेक्ष कार्यक्रम गर्ने उनले बताए ।

कार्यक्रममा संघका संस्थापक सदस्य विष्णु सापकोटा, सागरराज तिमिल्सिना, विभु भुसाल, पूर्वसहसचिव विजय नेपाल, नेपाल प्रेस युनियन कास्कीका सचिव धनबहादुर गुरुङ (सुमन) ले शुभकामना मन्तव्य राखेका थिए । उपाध्यक्ष अर्पण तिवारीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव सन्तोष बस्यालले गरेका थिए ।

## गण्डकी ...

गाउँपालिका-१ टुकुचे मुस्ताङको आइपिएम एप्पल फार्मका नीरज तुलाचन र लमजुङको क्वोलासोथर गाउँपालिका-८ स्थित अस्मिता एकीकृत फार्मका सञ्चालक केशकुमारी गुरुङ सम्मानित हुनुभयो । प्रदेश उत्कृष्ट कृषकलाई जनही रु २० हजारसहित सम्मान गरिएको थियो । कृषकलाई गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य माया तिमिल्सिना, कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव डा टङ्क प्रसाईं, कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मी र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका महानिर्देशक डा प्रेरणा सेढाइलगायतले सम्मान गर्नुभएको थियो ।

जिल्लाका उत्कृष्ट कृषकमध्येबाट पाँच जनालाई पुरस्कृत गरिएको मन्त्रालयको कृषि विकास महाशाखा प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रत्येक जिल्लामा पुरस्कृत भएका चार/चार जना कृषकमध्येबाट एक एक जना गरी १० जना सिफारिस भएर आएका थिए, तीमध्ये मन्त्रालयबाट पुनः अनुगमन मूल्याङ्कन गरी सर्वोत्कृष्ट र उत्कृष्ट कृषक छनोट गरेका हौं ।" कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मीले कृषकलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो ।

# परिवार नियोजन संघको ४३ औं वार्षिक शाखा सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार



नेपाल परिवार नियोजन संघ कास्कीको ४३ औं वार्षिक शाखा सभा सम्पन्न भएको छ ।


शाखा सभा उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले नेपाल परिवार नियोजन संघ कास्कीलाई प्राथमिकता दिएर बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । उहाँले संघलाई वडाको तर्फबाट सक्दो सहयोग रहने र स्थायित्वका लागि पहल शुरु गरिसकेको बताउनुभयो ।

नेपाल परिवार नियोजन संघका महासचिव अर्जुन सिग्देलले संघ समाजमा स्थापित संस्था भएको बताउनुभयो । नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले कार्यक्रम संचालनका लागि स्थानीय सरकारसँग सहकार्य र समन्वयको प्रयास गरिएको उल्लेख गर्नुभयो । कार्यक्रममा संघका संस्थापक सचिव डा. सोमत सिंह तुलाचन, निवर्तमान सभापति निरञ्जन प्रसाद श्रेष्ठ, साधारण सदस्यहरुको तर्फबाट दुर्गा प्रसाद तिमिल्सिना लगायतले बोल्नुभएको थियो । साधारण सभाले सन् २०२३ को आर्थिक तथा कार्यक्रम प्रतिवेदन पारित गरेको छ । कोषाध्यक्ष विष्णु प्रसाद दाहालले आर्थिक र बरिष्ठ शाखा प्रवन्धक नवराज तिवारीले कार्यक्रम प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य सविना तिमिल्सिनाले स्वागत र सदस्य सपना थापा क्षेत्रीकले कार्यक्रम संचालन गर्नुभएको थियो । साधारण सभाले शाखाको रिक्त युवा सदस्य पदमा नवराज बराललाई चयन गरेको छ । त्यस्तै चक्रिय निर्वाचन प्रणाली अन्तर्गत महिला सदस्यमा सविना तिमिल्सिना विशेषज्ञ सदस्यमा विरेन्द्र बास्तोला, विजय पौडेल, रजनी थकालीलाई चयन गरेको छ । निर्वाचित सदस्यहरुलाई निर्वाचन अधिकृत प्रकाशचन्द्र त्रिपाठीले प्रमाण पत्र वितरण गर्नुभएको थियो ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# केन्द्रको रोग प्रदेशमा

केन्द्रमा सरकारको सत्ता समिकरण एकाएक भत्कँदा त्यसको असर तुरुन्तै प्रदेशमा परेको छ । जोडजाम गरेर बनेका प्रदेश सरकार ढल्न थालेका छन । सत्ता गठबन्धन चाँडो चाँडो फेरिदा दुई महिना नपुग्दै मुख्यमन्त्री भएकाहरू अब बहिर्गमनको दैलोमा पुगेका छन् । मन्त्रीहरू त एक महिना नपुग्दै राजीनामा गर्ने र अपदस्त भएका छन । दुई महिना अघि सरकारबाट हटेका फेरि सत्तासीन हुने भएका छन । सत्ताको रोटेपिङ प्रदेशहरूमा पनि बेस्सरी मच्चिएको छ । प्रदेश सभा निर्वाचनपछि मच्चिरहेको पिङको गति तीव्र बनेको छ । टालाटुली बटुली सरकारमा सबै सास मन्त्री बन्ने अवस्था थियो । साना दलका सबैलाई मन्त्री बनाउँदा पनि सरकार टिक्न सकेनन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता साझेदारीका लागि तीनपटक काँध फेर्दा उनै नै प्रधानमन्त्री नै रहे । तर, प्रदेशहरूमा पनि उनको दलको साझेदारी भत्किने र जोडिने गर्दा मुख्यमन्त्री र मन्त्रीहरू फेरिएको फेरियै भए । एउटा पनि प्रदेश-प्रदेशमा स्थिर सरकार छैन । कतिपटक कति सरकार फेर बदल भए भनेर जनताले सम्झन सक्ने अवस्थै छैन । प्रदेश मामिलामा काम गर्ने पत्रकार र कर्मचारीले पनि को को मन्त्री छन भनेर भन्न सक्ने अवस्था छैन ।

देशका दुई ठूला दल कांग्रेस र एमालेले थोरै सिट भएको माओवादीलाई पालैपालो सत्ताको साँचो सुम्पिदा पनि स्थायित्व भएन । पहिलोपटक झन्डै सय प्रतिशत सांसदबाटै विश्वासको मत पाएका प्रधानमन्त्रीले डेढ वर्षमा चारपटक विश्वासको मत लिनुपर्‍यो । प्रधानमन्त्रीले प्रतिबद्धता अनुसार काम गर्नेभन्दा सत्ता साझेदारलाई कसरी फकाउने भन्ने ध्याउन्नमै समय बिताउनुपर्‍यो । सत्ताको भाडबन्डा गर्दा गर्दै उनको समय सकियो । त्यसले देशमा घोर निराशा उत्पन्न भयो । यसै पनि अर्थतन्त्र शिथिल र देशमा सुशासन गायब भएको अवस्थामा दलहरू सत्ताको खेलमा मात्रै लाग्दा जनतामा निराशा चुलिएको छ। जनतामा निराशा पलाएको बेला प्राप्त उपलब्धि खोस्ने शक्ति जुरमुराउन थालेका छन। परिवर्तन नचाहने र अस्थिरतामा आफ्नो भविष्य देख्नेहरुका गतिविधि बुझेरै दुई ठूला दल मिलेर स्थिरता दिने भन्ने कुराले केही सकारात्मक आशाको सञ्चार त गरेको छ ।

प्रदेशहरूमा पनि सरकार फेरिने, त्यहाँ पनि भागबन्डा हुने र सरकार गठन बिघटन लगभग सबै ७ प्रदेशमा हुने कुराले नकारात्मक सन्देश गएको छ । संविधान संशोधनसमेत गर्ने सहमति गर्ने भनेका प्रमुख दलले अरू दलहरूलाई विश्वासमा लिने र प्रदेशहरूमा पनि स्थिरता दिने कोसिस गर्नुपर्छ । एकपछि अर्को प्रदेशमा सरकार ढाल्ने र नयाँ गठन गर्ने कुराले संघीयताको धज्जी उडाएको छ । देशमा स्थिरता पहिलो सर्त भइसकेको अवस्थामा सत्तामा आफैंमात्रै हुनुपर्छ भन्ने ढिपी दुई दलले छाडेर सबैलाई मिलाउन सक्दा साँच्चै उनीहरू सत्ताकै लागि होइन, देश मिलाउन वा बनाउन जुटेका हुन् भन्ने सन्देश दिन सक्छन् । अहिले को सरकारमा गयो को बाहिर पर्यो भनेर होइन देशको आवश्यकताले बनाएको हो ।

# तनहुँका दुई पालिकामा विद्युत् सेवा अवरुद्ध

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

शुक्रबार रातिदेखि परेको अविरल वर्षापछि आएको बाढी र पहिरोले विद्युत् पोलमा क्षति हुँदा यहाँका दुई पालिकामा विद्युत् सेवा अवरुद्ध भएको छ ।

विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले दिएको जानकारीअनुसार जिल्लाको म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाका केही वडामा विद्युत् सेवा अवरुद्ध भएको हो। पृथ्वीराजमार्गअन्तर्गत म्याग्दे गाउँपालिका-६ मौरी ओढारमा पहिराका कारण सातवटा विद्युत् पोल ढलेका कारण उक्त दुई पालिकामा विद्युत् सञ्चालन गर्न कठिनाइ भएको वितरण केन्द्रका प्रमुख विजयराज रेग्मीले जानकारी दिनुभयो । "म्याग्दे, शुक्लागण्डकी, व्यास र आँबुखैरेनी गाउँपालिकालगायत क्षेत्रमा गरी १५ भन्दा बढी विद्युत् पोल ढालेर क्षति पुगेको छ", उहाँले भन्नुभयो । व्यास नगरपालिका-१ र ३ जोड्ने बुल्दीखोलाले पोल बगाउँदा अवरोध भएको विद्युत् सेवा भने मर्मतपछि पुनः सञ्चालनमा आएको उहाँले बताउनुभयो । यसैगरी व्यास नगरपालिका-४ स्थित सिमलटार नजिक विद्युत् पोल ढालेर क्षति भएकामा मर्मत गरी छ घण्टापछि विद्युत् सेवा सञ्चालनमा ल्याइएको छ ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको काममा अवरोध भएको छ । सुरुङ खन्ने ठाउँमा बाढी पसेकाले पानी काममा अवरोध भएको तर क्षति भएका दुईवटा पोल परिवर्तन गरी विद्युत् सेवा भने सुरू भएको रेग्मीले जानकारी दिनुभयो ।

# चौध घण्टादेखि मध्यपहाडी लोकमार्ग अवरुद्ध, यात्रु अलपत्र

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ असार

अविरल वर्षाका १४ घण्टादेखि अवरुद्ध मध्यपहाडी लोकमार्ग अझैसम्म खुल्न सकेको छैन ।

बागलुङको गलकोट नगरपालिका-११ रिघा फेदीमा आइतबार करिब १ बजे पहिरो खस्दा लोकमार्ग अवरुद्ध भएको हो । सडक अवरुद्ध हुँदा ठूलो सङ्ख्यामा यात्रु अलपत्र परेका छन् । सडक अवरुद्धहुँदा काठमाडौँदेखि बागलुङको बुर्तिवाङ, रुकुमपूर्व, जाजरकोट, रुकुमपश्चिमलगायतका स्थानमा जाने रात्रि बससहित दर्जनौं सवारी साधान ठप्प भएको इलाका प्रहरी कार्यालय गलकोटका प्रमुख प्रहरी निरीक्षक थम्मन रानाले जानकारी दिनुभयो । बिहानदेखि नै सडक खुलाउने प्रयास गरे पनि अहिलेसम्म सञ्चालनमा ल्याउन नसकेको रानाले बताउनुभयो । पहिरो अहिले पनि निरन्तर खसिरहेको हुँदा सडक सञ्चालनमा समस्या भएको छ । भारी वर्षा भएको हुँदा यात्रु गाडीबाट बाहिर निस्कनसमेत समस्या भएको प्रहरी निरीक्षक रानाको भनाइ छ ।

रानाले भन्नुभयो, "अहिले निकै ठूलो पानी परिरहेको छ, माथिबाट पहिरो पनि निरन्तर खसेको हुँदा खुलाउन समस्या भएको छ, यद्यपि मेसिन लगाएर काम गरी रहेकाछौं, रात्रिबसहरू सडकमा रोकिएका छन्, रुकुमपश्चिम, जाजरकोटलगायतका ठाउँमा जाने यात्रुहरु छन्, अन्य धेरै गाडीहरू पनि पहिराले गर्दा रोकिएका छन् ।" बागलुङ नगरपालिका-१० दब्ल्याङमा पहिरो खस्दा कालिगण्डकी करिडोरसमेत अवरुद्ध भएको छ । जैमिनी नगरपालिका-१ जिम्मिघाटस्थित पहिरोको कारण कालिगण्डकी करिडोर पूर्णरूपमा अवरोध रहेको भन्दै सोही पालिकाको वडा नम्बर ८ रादीखोलामा पनि ठूलो पहिरा जाँदा करिडोर पूर्ण रूपमा ठप्प भएको हो ।

# किरिया बसेकै अवस्थामा गाउँपालिकाको काम गर्दै घिमिरे

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ असार

लमजुङ राइनास नगरपालिका-१ साहिँलिटारका नरेन्द्रराज घिमिरे दुधपोखरी गाउँपालिकाका लेखा अधिकृत हुनुहुन्छ । घिमिरेलाई यतिबेला पितृशोक परेको छ ।

घिमिरेले जनताको सेवामा समस्या नपरोस् र आर्थिक वर्षको अन्तिम समयमा भएकाले कार्यालयको काम कारबाहीमा कुनै असर नपरोस् भन्ने ध्येयले घरमा किरिया बसेकै कोठाबाट काममा गरिरहनुभएको छ ।

यही असार १९ गते उहाँका बुबा दुर्गाभक्त घिमिरेको ८२ वर्षको उमेरमा निधन भएको थियो । उहाँले भन्नुभयो, "बुबाको यही १९ गते निधन भयो, आमाको पाँच महिनाअघि हृदयघातका कारण मृत्यु भइसकेको छ। यसहिसाबले पीडा त तर आर्थिक वर्षको अन्तिमतिर भएकाले गाउँपालिकाको काम रोक्नु त भएन, त्यसैले किरिया बसेकै अवस्थामा काम गरिरहेको छु ।" बुवाको निधन भएको भोलिपल्टै २० गतेदेखि नै आफूले कार्यालयको काम गरिरहेको लेखा अधिकृत घिमिरेले बताउनुभयो । "पालिकामा लेखापाल पद रिक्त छ, त्यसैले लेखाको काम म एक्लैले गर्नुपर्ने बाध्यता छ । कार्मचारी नहुँदा काम भएन भनेर किन पार्नु ! वित्तीय अनुशासन र आर्थिक दृष्टिकोणले समेत उचित नहुने ठानेर पीडा भुलेर यसरी काम गरिरहेको छु", उहाँले भन्नुभयो । उहाँले गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलाई भनेर आवश्यक कागजात, ल्यापटपलगायत सामग्री घरमै मगाएर काम गरिरहनुभएको छ । नेपाल सरकारको नियमानुसार क्रिया बिदा १५ दिन बस्न पाइन्छ । गाउँपालिका अध्यक्ष धनप्रसाद गुरुङले बुबाको निधनको पीडा हुँदा पनि घिमिरेले कार्यालयको काम गरिरहेका भन्दै प्रशंसा गर्नुभयो । घिमिरेले काम गर्छु भनेपछि आफूहरूले सोहीअनुसार सहजीकरण तथा सहयोग गरिरहेका उहाँले बताउनुभयो ।

# दोर्दीको दारबाट ठेकीदेखि करुवासम्म

**रासस**
लमजुङ, २३ असार

लमजुङ जिल्लाको दोर्दीका राजेन्द्र विकलाई दारबाट निर्माण गरिने विभिन्न हस्तकलाका सामग्री बनाउने कामले भ्याइनभ्याइ छ । यतिबेला वर्षायाममा गाउँका अधिकांश खेत रोपाइँमा व्यस्त रहँदा पनि उहाँ भने घरसँगैको कटेरामा बसेर दारको काठबाट विभिन्न सामग्री बनाउनै व्यस्त हुनुहुन्छ ।

श्रीकृष्ण हस्तकला उद्योगको नाउँमा दर्ता भएको त्यही टहरोमा बनेका ससाना ठेकी, रक्सी राखिने कप, कप, कचौरा, थालदेखि करुवासम्मका सामग्रीहरु निर्माण हुने गर्दछन् । ३७ वर्षीय राजेन्द्र विकले आफ्नो पुर्ख्यौली पेसालाई निरन्तरता मात्र दिनु भएको छैन, व्यावसायिक रुपमा दारका सामग्री बनाई राम्रो आम्दानी पनि गर्नुभएको छ ।

जङ्गलमा प्रशस्त पाइने दारको काठबाट बनाइने ठेकी किन्न पहिलेदेखि मानिसहरु दोर्दी पुग्ने गर्दथे । हातले काटेर बनाइएका ठेकी लिएर गाउँघरमा बेच्दै आउनेहरुले शुरुको समयमा अन्नसँग साटेर र पछि नगदमा बिक्री गर्दथे । परम्परागत रुपमा निर्माण गरिंदै आएको घरायसी प्रयोजनमा आउने दारका विभिन्न सामग्रीहरुलाई उहाँले सायानुकूल परिमार्जन गर्दै लैजानु भएको छ । प्रविधिसँगै सामानहरुका आकार प्रकार र बनोट पनि परिस्कृत बन्दै गएका छन् । सानो आकारमा उत्पादन गरिएका ठेकी, रक्सी पिउने कप र करुवा बनाउन राजेन्द्र विकलाई विद्युत् बाट चल्ने मेशिनले सजिलो बनाएको उहाँले बताउनुभयो ।

राजेन्द्रका बाबुले ठेकी बनाउँदा छालाको प्रयोग गरी दुईजनाले चलाउने घुर्रा हुन्थ्यो, यसैलाई दुईतिरबाट तानेर घुम्दै गरेको तिखो औजारबाट काठलाई छेडेर ठेकी तयार हुन्थ्यो । उहाँका दाजुले त्यसलाई अलि परिमार्जन गरी पानीको धाराबाट मदानी घुमाएर काम गर्न थाले । राजेन्द्रले दाजुको पछिपछि लागेर ठेकी बनाउन सिक्नु भएको थियो ।

सुरुआती समयमा पुर्ख्यौली पेसा अँगालेका विकले ठेकी उत्पादन गरेर गाउँगाउँसम्म पुऱ्याएको उहाँ स्मरण गर्नुहुन्छ । ठेकी बेचेर मात्र आफ्नो परिवार पाल्न कठिन भएपछि राजेन्द्र यसैमा अडिन सक्नु भएन । परिवार पाल्नकै लागि विदेश हानिनुभयो तर विदेशमा कमाई चित्तबुझ्दो भएन ।

विदेशमा बस्दा उहाँले काठबाट विभिन्न किसिमका सामग्री बनाएको भिडियोहरु देखेपछि आफ्नो पुर्ख्यौली पेसालाई परिमार्जन गरी व्यावसायिक रुपमा उत्पादन गर्न सकिएमा विदेशभन्दा घरमै राम्रो आम्दानी गर्न सकिने सोच आयो । झण्डै १० वर्षको विदेश बसाईपछि उहाँले घरमै आएर दारका आधुनिक सामग्री बनाउने उद्योग स्थापना गर्नुभयो ।

सुरुआती दिनमा दारबाट बनाएका सामान बेच्दै गर्जो टार्ने गरे पनि विस्तारै उहाँका सामग्रीको माग बढन थालेको छ । उहाँ भन्नुहुन्छ, "अहिले यसरी घरघरमा पुगेर बेच्नु पर्ने अवस्था छैन । आफ्नो घरमै आएर किनेर लैजान्छन् ।" जिल्ला बाहिरसमेत दारको सामग्री चिनाउन सकेमा आफ्नो व्यवसायले ठूलै फड्को मार्ने विश्वास राजेन्द्रलाई छ । दोर्दीको वनमा पाइने दारलाई सदुपयोग गर्दै सामान बनाउने हो भने मासिक चार/पाँच लाखसम्मको सामान उत्पादन गर्न सकिने उहाँले बताउनुभयो ।

दारको काठबाट निर्माण भएका सामग्रीलाई उपहारको रुपमा दिने क्रम बढेसँगै उहाँलाई विभिन्न सामग्रीहरुको माग पूरा गर्न भ्याइनभ्याइ भएको हो । शुरुमा दोर्दी गाउँपालिकाले घरेलु सामग्री प्रवर्द्धनको लागि आफ्नै पालिकामा उत्पादन भएका सामग्रीलाई उपहार र मायाँको चिनोको रुपमा प्रयोग गर्न थालेपछि यहाँका दारबाट बनेका सामानहरु विस्तारै प्रख्यात हुन थालेका छन् । पालिकाको चिनारी समेत हुने भएपछि गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी आफू जहाँ पुग्यो, तिनै सामान उपहारको लागि लिएर जाने गर्नुहुन्छ । केही समयअघि आफू चीन भ्रमणमा जाँदा समेत यिनै सामग्री लिएर गएको बताउँदै अध्यक्ष अधिकारीले भन्नुभयो, "त्यहाँ नेपाली उत्पादनलाई धैरेले निकै मन पराए ।"

गाउँपालिकामा पनि सबैजसो टेबलमा दारबाट बनेका सामग्री राखिएको छ । त्यहाँ पुग्ने जो कोहीले त्यसबारेमा सोधखोज गर्दछन् । एकाध व्यक्तिबाहेक सबैले खोज्दै आएर वा फोन सम्पर्क गरेर सामग्री मगाउने राजेन्द्र बताउनुहुन्छ। सामान खोज्दै ग्राहक आफ्नै दैलोमा आईपुग्दा राजेन्द्र हौसिने गर्नुहुन्छ । दारको काठको बारेमा धेरैलाई जानकारी नहुँदा भने व्यवसायमा समस्या रहेको बताउँदै उहाँ भन्नुहुन्छ, "दारबाट सामान बनाउनको लागि मेहनत र लागत बढी पर्दछ, सोही अनुसार जिल्लाको बजार पुग्दैन, बाहिरी जिल्लामा लैजाँदा मानिसहरुले सामान चिन्न सक्दैनन्, अन्य काठबाट बनेका उस्तै सामान सस्तोमा पाइन्छ, तर सस्तोमा दिन सकिँदैन ।"

# बाउन्न किसिमका रोग सङ्क्रामकको सूचीमा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्क्रामक रोगको सूची तयार पारेको छ ।

सरकारले राजपत्रमा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४९ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी पहिलो पटक ५२ वटा रोगलाई सङ्क्रामक रोगको सूची तयार पारेको हो । सङ्क्रामक रोगहरुको सूचीमा रेबिज, क्षयरोग, कोभिड-१९, दादुरा, डेङ्गु, जापानिज इन्फेलाइटिस, हैजा, धनुष्टङ्कार, एचआइभी, हात्तिपाइले स्क्रबटाइफस, कालाजार, रुबेलालगायतका रोगहरु रहेका छन् । सङ्क्रामक रोग विशेषज्ञ डा अनुप बास्तोलाले पहिलो पटक सङ्क्रामक रोगबारे सूचीकृत गरिएको बताउनुभयो । उहाँले ती रोगले हुनसक्ने समस्या, अन्तर्राष्ट्रिय स्वास्थ्य नियम र कानुन अनुसार सूचीकृत गरिएको जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ फेदिपाटन शहरी स्वास्थ्य केन्द्र निमार्ण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः शहरी स्वास्थ्य केन्द्र फेदिपाटन
ठेगानाः पोखरा-२१, फेदीपाटन
योजना सम्झौता मितिः २०८१/०२/१३ गते
योजना सुरु मितिः २०८१/०२/१४ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/१५ गते
योजनाको कुल लागतः रु. ८,३४,७३७.७८
महानगरपालिकाबाटः रु. ७,५०,०००/-
जनसहभागिताबाटः रु. ८४,७३७.७८
अध्यक्षः रामचन्द्र पौडेल
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**शहरी स्वास्थ्य केन्द्र निमार्ण उपभोक्ता समिति**
**पोखरा-२१, फेदीपाटन**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

योजनाको नाम : गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको शौचालय निर्माण
ठेगाना : पोखरा-१५, कास्की
योजना सम्झौता मिति : २०८१/०२/३१
योजना शुरु मिति : २०८१/०२/३१
योजना सम्पन्न हुने मिति : २०८१/०३/१५
कूल लागत : रु. ११,७८,७१५/-
महानगरपालिकाबाट : रु. १०,००,०००/-
जनसहभागिता : रु. १,७८,७१५/-

**प्रेम बहादुर थापा क्षेत्री**
**अध्यक्ष**
**तालिम केन्द्रको शौचालय निर्माण उपभोक्ता समिति**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | आर्थिक समस्या | तुला | कार्यमा सफलता |
| वृष | मानसिक तनाव | वृश्चिक | शुभ यात्रा |
| मिथुन | शारीरिक झमेला | धनु | स्वास्थ्यमा सुधार |
| कर्कट | ब्यापारमा लाभ | मकर | सहयोग मिल्नेछ |
| सिंह | शत्रुको भय | कुम्भ | अप्रत्यसित लाभ |
| कन्या | झमेला बढ्ने | मीन | सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# बाँझो जमिनमा रोपियो २८ सय सुन्तलाका विरुवा

**–डम्मर बुढा मगर**
बागलुङ, २३ असार /रासस

गाउँमामा बसाइँसराइको दर बढ्दो छ। बसाइँसराइले उजाडिदै गएको गाउँमा स्थानीयले सुन्तलाखेती थालेका छन् ।

बागलुङको जैमिनी नगरपालिका-२ दमेक चैराकका स्थानीय बाँझो जमिनको उपयोग गरी सुन्तला खेती गर्न थालेका हुन् ।

वर्षौंदेखि सुन्तला उत्पादन हुँदै आएको दमेकमा यस वर्ष थप दुई हजार आठ सय विरुवा लगाइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङको सहयोगमा स्थानीयले सुन्तला खेती विस्तार गरेका हुन् । परम्परागत रूपमा खेती गर्दै आएका किसानले नयाँ प्रविधिमार्फत जग्गा चक्लाबन्दी गरी खुन्तला खेती गर्न थालेका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङको रु १० लाख र स्थानीय किसानको रु छ लाख ४० हजारमा एक सय ४० रोपनी बाँझो जग्गामा सुन्तलाका विरुवा लगाइएको हो ।

सुन्तला बेचेर वार्षिक रु ४० लाख गाउँमा भित्राउँदै आएका यहाँका किसानले अब केही वर्षमै आम्दानी बढाउने गरी खेती सुरु गरेका हुन् । सुन्तला खेतीले गाउँका खाली जग्गा सदुपयोगमा आउने र किसानको आम्दानीको स्रोत बन्ने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङका प्रमुख नारायण पौडेलले बताउनुभयो ।

चक्ला बन्दी गरेर कृषि गर्नका लागि कार्यालयले आवदेन आह्वान गरेको र त्यसमा धेरैले आवेदन दिए पनि दमेकी कृषक छनोटमा परेपछि सुन्तलाका विरुवा लगाइएको उहाँले बताउनुभयो ।

प्रमुख पौडेलले दमेक क्षेत्र सुन्तला उत्पादनका लागि निकै उपयुक्त क्षेत्र भएको भन्दै किसानले पर्वतको जलजलाबाट रैथाने जातको विरुवा लिएर लगाएको बताउनुभयो । उहाँका अनुसार सुन्तला उत्पादनका लागि मध्यपहाडी क्षेत्रको हावापानीमा उपयुक्त हुन्छ । यहाँ सुन्तला लगाएपछि बाँझो जमिन प्रयोगमा आएको पौडेल बताउनुहुन्छ । कम मेहेनतमा पनि राम्रो आम्दानी गर्न सकिने हुँदा पछिल्लो समय किसान सुन्तला खेतीतर्फ आकर्षित भएको उहाँको भनाइ छ ।

"हाम्रो कार्यालयले कृषि र पशुपालनको क्षेत्रमा काम गर्दै आएको छ, यस वर्ष दमेकको चैराकको ठूलो क्षेत्रमा सुन्तलाका विरुवा लगाइएको छ", उहाँले भन्नुभयो, " यहाँ पहिलेदेखिनै सुन्तला खेती गर्दै आउनुभएको रैछ, सुन्तला खेतीका लागि यो ठाउँ उपयुक्त पनि मानियो ।"

दमेकी सुन्तला कृषक समुह जैमिनी नगरपालिका-२ का अध्यक्ष ओमप्रकाश सापकोटाले गाउँमा मकै, धानसहित स्थानीयले धेरै वर्ष अगाडिदेखि सुन्तला खेती गर्दै आएकोमा पछिल्लो समय व्यवसायिक रूपमा खेती गर्न लागेको बताउनुभयो । यहाँ उत्पादन हुने सुन्तलाले अहिलेसम्म बजारको समस्या भोग्न नपरेको भन्दै हरेक वर्ष पोखरा, काठमाडौँ र नारायणगढसम्म पुग्ने गरेको अध्यक्ष सापकोटाले बताउनुभयो ।

उहाँले भन्नुभयो - "पहिला-पहिला गाउँका जग्गा जमिनमा धान, गहुँ, मकै र कोदो लगाउने चलन थियो, सुन्तला लगाए पनि एक/दुई बोट बारीको छेउमा लगाउने गरिन्थ्यो, अहिले सिङ्गो बारीनै सुन्तला खेतीका लागि प्रयोग गर्न थालिएको छ ।"

# महिला नेतृत्व बिकासमा संगमको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार



संगम बचत तथा ऋण सहकारी संस्थाले पोखरा १५ मै रहेको आमा समुह ढुङ्गेसाँघुसँग सहकार्य गर्दै स्थानीय महिलाहरुलाई पाँच दिने उदघोषण तथा भाषणकला एवम् नेतृत्व बिकास तालिम दिएको छ ।

समापन कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघ , कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले सहभागीलाई प्रमाणपत्र बितरण गर्दै म पनि बोल्न सक्छु , म पनि गर्न सक्छु भन्ने कुरा सहभागीको हँसिलो अनुहारमा देखिएको चमकले नै बताइरहेकोमा खुसी व्यक्त गरिन् । हामी अरु जस्तो हुनु पर्दैन , आफैमा विशेष हौं , आठ अरबमा एक हौं भन्दै मातृशक्तीमा गर्व गर्न र बाटोमा आउन सक्ने अवरोध छिचोल्दै अगाडी बढ्न सबैलाई अनुरोध गरिन् । बिशेष अतिथि वडा सदस्य आशिष भण्डारीले आफु सामान्य परिवारबाट राजनीतिमा आएको र नेतालाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन चाहेको बताउदै सबैको साथ सहयोग लिएर अगाडी बढ्ने बताए । जिल्ला सहकारी संघ कास्कीका संचालक सदस्य एवम् संगम सहकारीका सचिव धनराज पुरीले यस वडामा रहेका सबै सहकारी संस्थालाई सहभागी गराएर निर्देशनात्मक कार्यक्रम राखिदिन वडा सदस्यलाई अनुरोध गरे । आमा समुहकी अध्यक्ष शोभा देवले तालिमबाट दिदिबहिनीहरुले निर्धक्कसँग प्रस्तुति राख्दै अघि बढेको देख्दा खुसी लागेको बताइन् । कार्यक्रम संयोजक एवं आमा समुहकी सचिव सरस्वती अधिकारीले समुदायप्रति चासो राख्दै महत्वपूर्ण तालिम ल्याइदिनु भएकोमा सहकारीप्रति आभार प्रकट गरिन् । तालिममा सहजीकरण गर्दै स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय पार्षद तिलक थापाले सिक्नु र सिकेका कुरा ब्यवहारमा उतार्नु एक अर्काका परिपुरक भएको बताए । बुद्धिमान थापाको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीको तर्फबाट धन कुमारी तिमिल्सिना र मिना पन्थीले तालिमको अनुभव सुनाए भने प्रशिक्षार्थी सुरक्षा भण्डारीले कार्यक्रम संचालन गरिन् ।

# एक करोड बढीको लागतमा वडा कार्यालय भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ असार

जिल्लाको रघुगङ्गा गाउँपालिका-५ झिँमा वडा कार्यालय भवन निर्माण भएको छ। गाउँपालिकाले रु एक करोड २१ लाखको लागतमा दुई तले सभाहलसहितको भवन निर्माण गरेको हो ।

गत वर्ष रु ५० लाख लागतमा उपभोक्ता समितिमार्फत पाँच कोठे भवनको पहिलो तला ढलान भएको थियो । यस वर्ष तला थपेर निर्माणलाई पूर्णता दिइएको वडाध्यक्ष मनबहादुर शेर पुन्जाले बताउनुभयो । भाँडाको घरमा सञ्चालित वडा कार्यालय केही दिनमै नयाँ भवनमा सर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । भवनमा वडाध्यक्ष, सदस्य, सचिव, प्राविधिक र सहायता कक्ष रहेका छन् । नयाँ भवन बनेपछि सेवा प्रवाह सहज हुने र भाँडाका लागि भइरहेको खर्च बचत हुने वडाध्यक्ष शेर पुञ्जाले बताउनुभयो । रु ७१ लाख ६६ हजार चार सय १५ मा गत चैत मा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले एक सय २० जना क्षमताको सभाहल, रङ्गरोगन, विद्युत, पानी, फर्निचरलगायत कामलाई पूर्णता दिएको गाउँपालिकाको प्राविधिक शाखा प्रमुख कमल चोखालले बताउनुभयो । भवन निर्माण गर्न रु ५९ लाख खर्चेर चार रोपनी जग्गा खरिद गरिएको थियो । भवन परिसरमा घेराबारसहितका पूर्वाधार निर्माण गर्न आगामी आर्थिक वर्ष २०८१/८२ मा रु २७ लाख बजेट विनियोजन भएको वडाध्यक्ष शेरपुञ्जाले जानकारी दिनुभयो । आठ वटा वडा रहेको गाउँपालिकाले यसअघि मौवाफाँटमा वडा नं ६ र भगवतीमा २ नं का लागि भवन निर्माण गरेको थियो । वडा नं ७ को कार्यालय साविक चिमखोला गाविसको भवनबाट सञ्चालन भइरहेको छ ।

वडा नं १ बेगखोला, वडा नं ३ पिप्ले, वडा नं ४ दग्नाम र वडा नं ८ कुइनेमङ्गलेको कार्यालय तत्कालीन गाविस, सामुदायिक विद्यालय भवनबाट सञ्चालित छन् ।

# कालीगण्डकी र म्याग्दी नदीमा जलसतह बढेपछि सतर्क रहन आग्रह

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

तीन दिनदेखिको निरन्तर वर्षाका कारण कालीगण्डकी र म्याग्दी नदीमा जलसतह बढेको छ । पानीको सतह बढेपछि नदी आसपासका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय म्याग्दीले तटीय, नदी आसपासमा दाउरा तथा बालुवा सङ्कलन गर्न जानेलाई सचेत रहन आग्रह गरेको छ । जलसतह बढेसँगै मुस्ताङ, म्याग्दी र पर्वतको तटीय क्षेत्र उच्च जोखिममा परेको छ । जलसतह बढेकाबेला नदीबाट काठलगायत वस्तु निकाल्न किनारमा नजान सचेत गराइएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जानकारी दिनुभयो ।

बाढी र पहिराले बिजुलीका खम्बामा क्षति हुँदा यहाँका दुई पालिकामा विद्युत् सेवा अवरुद्ध भएको छ । विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रका अनुसार म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाका केही वडामा विद्युत् सेवा अवरोध भएको हो ।

व्यास नगरपालिका-१ र ३ जोड्ने बुल्दीखोलामा निर्माणाधीन पुलको आडमा रहेको विद्युत्को खम्बा बुल्दीखोलाले बगाउँदा अवरोध भएको थियो । उक्त बिजुलीका खम्बा मर्मतपछि विद्युत् सेवा सञ्चालन भएको तनहुँ वितरण केन्द्रका प्रमुख विजयराज रेग्मीले जानकारी दिनुभयो ।

पृथ्वीराजमार्गअन्तर्गत म्याग्दे गाउँपालिका-६ मौरी ओढारमा पहिराका कारण सात वटा बिजुलीका खम्बा ढलेपछि उक्त दुई पालिकामा विद्युत् अवरुद्ध भएको हो । "म्याग्दे, शुक्लागण्डकी, व्यास र आँबुखैरेनी गाउँपालिकामा १५ भन्दा बढी बिजुलीका खम्बामा क्षति पुगेको छ", उहाँले भन्नुभयो, "आज बिहानदेखि विद्युत् अवरोध भएका स्थानमा सञ्चान गर्न कर्मचारी कार्यस्थलमा खटाइसकिएको छ ।" निरन्तर पानी परिरहेकाले काम गर्न कठिनाइ भइरहेको केन्द्र प्रमुख रेग्मीले बताउनुभयो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ महेन्द्रपुल फल्चा निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः महेन्द्रपुल फल्चा निमार्ण
ठेगानाः पोखरा-९
योजना सुरु हुने मितिः २०८०/१०/११ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३२ गते
योजनाको कुल लागतः रु. २४,७०,७१७.८५
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.२,२२,२२२/-
अध्यक्षः योगेन्द्र मान बाटाजु सम्पर्क नं.: ९८५६०२०६०१
निर्माण समिति सदस्य संख्याः ६
महिलाः ३, पुरुषः ३

**महेन्द्रपुल फल्चा निमार्ण उपभोक्ता समिति**
**पोखरा-९**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ वी.पी. स्मृति भवन निर्माण योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वी.पी. स्मृति भवन निर्माण योजना
ठेगानाः पोखरा-१९, लामाचौर
योजना सुरु हुने मितिः २०८१/०२/३० गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/२३ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/२० गते
योजनाको कुल लागतः रु. १६,६६,६६६.६६
महानगरपालिकाबाटः रु. १५,००,०००/-
जनसहभागिताबाटः रु.१,६६,६६६.६६
अध्यक्षः खिमलाल बास्तोला सम्पर्क नं.: ९८५६०२७२२७
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**वी.पी. स्मृति भवन निर्माण योजना उपभोक्ता समिति**
**पोखरा-१९, लामाचौर**

# ढुङ्गा लागेर मृत्यु भएका मजदुरका परिवारलाई राहत दिइने

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

ऋषिङ गाउँपालिका-१ झापुटारस्थित तनहुँ जलविद्युत् आयोजनाको सुरुङमार्गभन्दा बाहिर काम गर्ने क्रममा ढुङ्गा लागेर मृत्यु भएका मजदुरको परिवारलाई राहत दिने सहमति भएको छ ।

ढुङ्गा लागेर मृत्यु भएका सोही वडाको मालिङ्गा बस्ने ५० वर्षीय कृष्णबहादुर पुलामीको परिवारलाई रु ३० लाख प्रदान गर्ने सहमति भएको हो । पीडित परिवार र जलविद्युत् आयोजनाबीच आइतबार बसेको बैठकमा बीमा रकमबापत रु १० लाख र हाइड्रोपावरका तर्फबाट रु २० लाख गरी रु ३० लाख प्रदान गर्ने सहमति भएको हो ।

आयोजनाको प्याकेज २ अन्तर्गतको सिनो हाइड्रोपावरले मृतकका छोरीलाई आयोजनामा योग्यता अनुसारको रोजगारी दिने सहमति भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्याकेज २ को ठेक्का पाएको कम्पनीले पीडितका परिवारलाई राहत दिने सहमति गरेको हो ।"

# एपीएफ र सुदूरपश्चिमलाई बास्केटबल प्रतियोगिताको उपाधि

**रासस**
काठमाडौं, २३ असार

नेपाल एपीएफ क्लब र सुदूरपश्चिम प्रदेशले पारा तथा विशेष खेलकुदअन्तर्गत ह्वीलचेयर बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । एपीएफ पुरुष र सुदूरपश्चिम महिलामा च्याम्पियन बनेका हुन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजना तथा नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद सङ्घको व्यवस्थापनमा कैलालीको अत्तरखेलस्थित बौद्ध इन्टरनेशनल स्कुलको इन्डोर हलमा भएको पुरुष फाइनलमा एपीएफले बागमती प्रदेशलाई ३९-२० ले पराजित गर्‍यो ।

गण्डकी प्रदेशले सुदूरपश्चिमलाई २६-१६ ले हराउदै तेश्रो भयो । महिलाको उपाधि भिडन्तमा सुदूरपश्चिमले कोशी प्रदेशलाई १५-१० ले पाखा लगायो । लुम्बिनीले कर्णाली प्रदेशलाई १२-८ ले पन्छउँदै तेश्रो बन्यो । विजेतालाई राखेपकी सदस्य एवम् प्रतियोगिता संयोजक पेमा डोल्मा लामा, नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद सङ्घकी अध्यक्ष देवी आचार्यलगायतले पुरस्कार प्रदान गर्नुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः २०१३/०२/११ गते

स्व. लक्ष्मी लिगल

स्वर्गारोहणः २०८१/०३/१२ गते

श्री भैरव सांस्कृतिक संरक्षण समितिका आजिवन सदस्य, श्री भैरवका अनन्य भक्त तथा दाता श्री गोकर्णलाल लिगल ज्यूका कान्छी धर्मपत्नी **लक्ष्मी लिगल** ज्यूको ६९ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले हामी अत्यन्तै दुःखित भएका छौं । आज उहाँको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दै धैर्य धारण गर्ने शक्ति मिलोस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष तथा**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**